आज मिति २०८०।०३।११ गते सोमबारका दिन विहानको ८:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०७९/८० को २६ औं बैठक तपसिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य -सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

रमेश थापा, सूचना प्रविधि अधिकृत

प्रेम पराजुली, लेखापाल

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोखरेबगर म्याग्दी

**गण्डकी प्रदेश, नेपाल।**

कार्यपालिका बैठक मिति : २०८०।०३।११ गते

समय : विहान ८:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्विकृत मिति : २०८०।०३।०९ गते

**छलफलका एजेण्डाहरु:**

प्रस्ताव नं. १ पूर्व निर्णयको समीक्षा सम्बन्धमा,
प्रस्ताव नं. २ वडा नं. १ र २ को सिमाना संशोधन सम्बन्धमा
प्रस्ताव नं ३ आय ठेक्का नलाग्दा सम्म आम्दानीको स्रोतको व्यवस्थापन सम्बन्धमा
प्रस्ताव नं. ४ अध्यक्ष कप प्रतियोगिताको बाटो सफाईको भुक्तानी सम्बन्धमा
प्रस्ताव नं. ५ औल मोटरबाटो सडक पहिरो सरसफाईको भुक्तानी सम्बन्धमा
प्रस्ताव नं ६ आर्थिक सहयोग सम्बन्धमा
प्रस्ताव न. ७ औद्योगिक ग्राम सम्बन्धमा
प्रस्ताव न. ८ ढुङ्गा,गिटि बालुवा संकलन गरी आयोजना कार्यन्वयन
प्रस्ताव न. ९ चालु आ.व.को वजेट संशोधन
प्रस्ताव नं १० विविध।

**निर्णय नं. १:**

प्रस्ताव नं. १ उपर छलफल गर्दा कार्यपालिकाको अधिकांश निर्णयहरु कार्यन्वयन भएको पाईयो ।

**निर्णय नं. २:**

प्रस्ताव नं. २ उपर छलफल वडाको सीमाना हेरफेर सम्बन्धमा मिति २०७५।०८।०१ को गाउँसभाको बैठकले समेत "अन्नपूर्ण गाउँपालिका वडा नं १ दोबा र २ नं वडा तातोपानीको नापी नक्साको सीमाना र स्थलगत भौगोलिक सीमाना फरक फरक रहेकोले १ नं वडा दोबाको उत्तर तर्फको भौगोलिक सीमाना अँधेरी खोल्सा, झगरे भिर, रातो पहरा, देउराली बसाह डाँडा, नागी डाँडा, घाँटी खर्क, सुर्के मेला हुँदै सन्धी खर्क हुनुपर्नेमा गडेली खोला, गाखर खोला, पानी डाक्ने डाँडा भएकाले सोलाई संसोधनको लागि सम्बन्धित निकायमा लेखी पठाउने भनी निर्णय गरेकोमा सो कार्यले हालसम्म पूर्णता नपाएको हुँदा सभामा पेश गरी पूर्व निर्णयानुसार सीमाना हेरफेर गर्न नेपाल सरकार समक्ष पेश गर्ने ।

**निर्णय नं. ३:**

प्रस्ताव नं ३ उपर छलफल गर्दा आगामी आ.व.का लागि आय ठेक्का नलागदासम्म भुरुङ तातोपानी कुण्डमा क्यान्टिन संचालन र प्रबेश शुल्क संकलन गर्न रु २५,०००।— मा र पुनहिलमा चिया कफी पसल संचालन र प्रबेश शुल्क संकलन गर्न रु १०,०००।— एक मुष्ट आय प्राप्त हुने गरी मा हाल संचालन गरिराखेको व्यक्ति/फर्मलाई नै दिने ।

**निर्णय नं ४:**

प्रस्ताव नं ४ उपर छलफल गर्दा अध्यक्ष कप प्रतियोगिताको सन्दर्भमा बाटो सफाई गर्न वडा नं ७ को कार्यालयबाट **महभिर-घरामदी-टिकोट-दोसल्ले मोटरबाटो सरसफाई** प्रक्रिया अगाडि बढी कार्य सम्पन्न भई आएकाले प्राविधिक प्रतिवेदन अनुसारको रकम रु २,९८,९८८।५४ विपद् व्यवस्थापन कोषबाट टाकुरा विकास विल्डर्स प्रा.लि.लाई भुक्तानी गर्ने ।

**निर्णय नं. ५:**

प्रस्ताव नं ५ उपर छलफल गर्दा वडा नं ७ को औलमा भिषण बर्षाबाट पहुँच मार्ग पहिरो अवरुद्ध भएकाले तत्काल व्यवस्थापन गर्न गाउँपालिका अध्यक्षबाट निर्देशन भई वडा नं. ७ को कार्यालयबाट **औल मोटरबाटो सडक पहिरो सरसफाई** प्रक्रिया अगाडि बढी कार्य सम्पन्न भई आएकाले प्राविधिक प्रतिवेदन अनुसारको रकम रु ६४,३६२।५४ विपद् व्यवस्थापन कोषबाट टाकुरा विकास विल्डर्स प्रा.लि.लाई भुक्तानी गर्ने ।

**निर्णय नं ६:**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा तपसिलको आर्थिक सहायता दिने :

क) वडा नं. ६ घार बस्ने मन बहादुर दमाईको लागि हाल पशुहरुमा फैलिरहेको लम्पी स्किन रोग कारण १ हल गोरु र एउटा पाडो मरेकाले राहत स्वरुप रु १०,०००/- दिने ।

ख) वडा नं ३ दानामा २०८०।०२।०६ मा परेका अविरल बर्षाको कारण बाढी पहिरो गई तपसिलका स्थानीयहरुको जग्गामा लगाईएको मकैमा पूर्ण क्षती भएकाले प्रति परिवार ५,०००/- आर्थिक राहत उपलब्ध गराउने ।

तपसिलः

१) तस बहादुर पुर्जा
२) मन बहादुर केसी
३) सविता वि.क.
४) श्याम बहादुर थापा
५) मन कुमारी रन्तिजा
६) गंगा बहादुर पाईजा
७) सनमाया वि.क.
८) दुर्गादत्त सुवेदी
९) केशर तिलिजा
१०) दिर्ग बहादुर थापा
११) नर बहादुर थापा
१२) उदय बहादुर कार्की

ग) वडा नं ३ दाना निवासी ३६ बर्षका छक बहादुर पुनको भेडा गोठ रहेको फुर्के रुख भन्ने स्थानमा मिति २०८०।०३।०८ गते राती २:०० बजे चट्याङ्ग परी २५० भेडा मध्ये ३९ भेडा मरेकाले राहत स्वरुप प्रति भेडा रु १,०००/- को दरले जम्मा ३९,०००/- उपलब्ध गराउने । साथै अन्य आवश्यक सहायताको लागि संघ र प्रदेश कार्यालयमा सिफारिस गर्ने ।

निर्णय नं. ७:

प्रस्ताव नं ७ उपर छलफल गर्दा एक स्थानीय तह एक औद्योगिक ग्रामको अवधाआरणा अनुसार संचालन हुने औद्योगिक ग्रामको लागि उपयुक्त जग्गा निक्यौंल गरी प्रकृया अगाडी बढाउन कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्न सभा समक्ष पेश गर्ने ।

निर्णय नं. ८

प्रस्ताव नं ८ उपर छलफल गर्दा गाउँपालिकाबाट विनियोजित बजेटबाट उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरुका लागि आवश्यक पर्ने ढुंगा गिटी बालुवा तथा नदीजन्य पदार्थ व्यवस्था

गर्न स्थानीय खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षण गरी प्रतिवेदनले तोके अनुसारको परिमाण र प्रक्रियाबाट संकलनको स्वीकृति दिनको लागि सभा समक्ष पेश गर्ने । तर व्यक्तिगत वा नीजि प्रयोजनका लागि भने आय ठेक्का नभएको अवस्थामा उत्खनन् कार्यलाई पूर्ण रुपमा बन्देज लगाउने ।

निर्णय नं ९:

प्रस्ताव नं ९ उपर छलफल गर्दा चालु आ.व.मा तपसिलका शिर्षकमा बजेट थप (रकमान्तर गर्न) गर्न सभा समक्ष पेश गर्ने ।

| क.स. | शिर्षक | हालको रकम | थप गर्नुपर्ने रकम | रकमान्तरको स्रोत |
|---|---|---|---|---|
| १ | फिल्ड भत्ता | २५०,०००/- | १४०,०००/- | विविध खर्च |
| २ | पानी तथा विजुली | ४००,०००/- | १००,०००/- | विविध खर्च |
| ३ | सवारी साधन मर्मत खर्च | १२००,०००/- | ३,००,०००- | विविध खर्च |
| ४ | राष्ट्रिय परिचयपत्र संकलन अभियान | | ३११०००/- | विविध खर्च |
| ५ | म्याग्दी महोत्सवको लागि आर्थिक सहयोग | | १००,०००/- | विविध खर्च |
| ६ | विविध कार्यक्रम खेलाडी सम्मान | | ३,००,०००/- | विविध खर्च |
| ७ | सवारी साधन | | ७,५०,०००/- | मेशिनरी तथा औजार |

निर्णय नं १०:

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल अनुसार गर्ने ।

क) गाउँपालिका भित्र आगामी आ.व. देखि कुनै पनि कार्यक्रममा खादा प्रयोग नगर्ने । तर स्थानीय उत्पादन भएमा प्रयोग गर्न बाधा नपुग्ने ।

ख) अन्नपूर्ण गाउँपालिकाको प्रतिनिधित्व गर्दै कीर्तिपुर नगरपालिकाले आयोजना गरेको अन्तर पालिका मेयर कप यु—१८ पुरुष बास्केटबल खेल विजेता टोलीलाई परिक्रमा तथा अभिनन्दन गर्ने, सम्मान पत्र र दोसल्ला ओडाएर सम्मान गर्ने साथै प्रति व्यक्ति रु ७,०००/- नघट्ने गरी नगद पुरस्कार प्रदान गर्ने । यसका लागि खेलाडी सम्मान कार्यक्रममा रु ३,००,०००/- बजेट व्यवस्था गर्न गाउँसभामा पेश गर्ने। साथै उक्त प्रतियोगिताका लागि यस पूर्व अध्यक्षबाट स्वीकृत रु १,००,०००/- अनुमोदन गर्ने ।